# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले,नुवाकोट

३ नं. प्रदेश

प.स. ०७५/०७६
च.न :

मितिः-२०७६/०२/१२

**विषय : सूचना सम्बन्धमा ।**

सार्वजनिक जग्गाको संरक्षण गर्न र अतिक्रमण हटाउनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल सरकार गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय नुवाँकोटबाट पटक पटक पत्राचार भएको अवस्था छ । सो सन्दर्भमा स्थानीय तहमा रहेको सार्वजनिक जग्गाको वास्तविक लगत राख्नको लागि गृह मन्त्रालयको सचिवस्तरिय निर्णयबाट स्थानीय स्तरमा एउटा समिति निर्माण गरिएको छ ।

सार्वजनिक जग्गा सबैको साझा सम्पत्ति हो यसको जहिले पनि सार्वजनिक हितमा उपयोग हुनुपर्नेमा प्रचलित ऐन कानुनको अवज्ञा गर्दै विभिन्न नाममा विभिन्न पक्ष तथा व्यक्तिबाट सार्वजनिक जग्गा अतिक्रमण भएको सुनिने गरेको छ । यसबाट आजको पिंढीलाई मात्र असर नपरी सार्वजनिक सम्पत्तिको उपयोग गर्न पाउनु पर्ने भावि सन्ततिको मानव अधिकार पनि गम्भिर रुपमा हनन भैरहेको छ ।

अतिक्रमणमा परेको सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व प्रमुख जिल्ला अधिकारी संगै स्थानीय तहको पनि हुने व्यवस्था रहेको छ । नागरिक पनि विना वर्दीका प्रहरी भएका र नेपालको वर्तमान संविधान अनुसार पनि सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने व्यवस्था रहेको हुँदा यस किस्पाङ गाउँपालिका भित्र रहेको सार्वजनिक जग्गा कोही कसैले अतिक्रमण गरेको छ भने त्यस्तो कार्य बारेको उजुरी वा सूचना यस गा.पा. को कार्यालयमा दिई सचेत जिम्मेवार नागरिकको भूमिका निर्वाह गरी सार्वजनिक जग्गाको संरक्षणमा यस गाउँपालिकालाई आ आफ्नो क्षेत्रबाट सहयोग गरिदिनु हुन सम्पूर्ण सरोकारवालाहरुमा जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कृष्ण राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

नतिजामुखी प्रशासन :समृद्धि र सुशासन
फोन नं. ०१०-६८१२१७ वेब साईट www.kispangmun.gov.np इमेल: kispangrm@gmail.com

Scanned with CamScanner